# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः ४९ मितिः २०७८/०३/०६

## भाग-२

## विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि;२०७८

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८

प्रमाणिकरण मिति: २०७८।९१।०९

प्रस्तावना: भरतपुर महानगरपालिका क्षेत्र आगलागि, वाढी, नदि कटान, पहिरो तथा भुकम्प, चट्याङ, महामारी जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ । वर्षेनी सयौंको संख्यामा धन जनको क्षति, पूर्वाधार तथा अन्य संरचनाहरु नष्ट भइरहेका छन् । यस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद्वाट हुन सक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थापना भएको विपद् व्यवस्थापन कोषको सञ्चालन सम्वन्धी कार्यविधि वनाउन वाञ्छनीय भएकोले, भरतपुर महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १२ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी भरतपुर महानगर नगरकार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम "विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि,२०७८" रहेको छ ।

(ख) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले भरतपुर महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले ऐनको दफा १२ वमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ ।

(ग) "तोकिए वा तोकिए वमोजिम" भन्नाले प्रचलित कानुन अनुसार तोकिएको वा तोकिए वमोजिमको कुरा सम्झिनुपर्छ ।

(घ) "नगरकार्यपालिका" भन्नाले भरतपुर महानगर नगरकार्यपालिकालाई भन्ने सम्झनुपर्छ ।

(ङ) "प्रभावित व्यक्ति" भन्नाले विपदको घटनावाट परिवारका सदस्य गुमाएको, विछोड भएको ( साथ छुटेको), शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन, पशुपन्छी, मत्य, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तीमा आंशिक वा पूणरूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकावाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ ।

(च) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनुपर्छ ।

(छ) "नगरसभा" भन्नाले भरतपुर महानगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ज) "वडा भन्नाले महानगरका वडा समितिलाई सम्झनुपर्दछ ।

(झ) "राहत" भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्री समेत सम्झनुपर्छ ।

(ञ) वस्तुगत सामग्री– भन्नाले नगद वाहेकका सहायता सामग्री सम्झनुपर्दछ ।

(ट) "समिति" भन्नाले ऐनको दफा ३ वमोजिमको महानगर विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ठ) "संयोजक" भन्नाले महानगर विपद् व्यवस्थापन समितिको संयोजक सम्झनुपर्छ ।

प्रमुख



Scanned with CamScanner

(ङ) 'राहत मापदण्ड' भन्नाले महानगरले समय समयमा बनाएको राहत मापदण्डलाई सम्झनुपर्छ ।

परिच्छेद - २ कोष सञ्चालन एवं व्यवस्थापन

३. कोषको स्थापना :

(क) विपद् व्यवस्थापन ऐनले व्यवस्था गरे बमोजिम महानगरमा एक कोष खडा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम बनेको कोषमा देहाय वमोजिमको रकम जम्मा गरिनेछ

(क) महानगरपालिकाका पदाधिकारी एवम् कर्मचारीले प्रदान गरेको रकम,

(ख) नगर सभा तथा महानगरपालिकाले विनियोजन गरिएको रकम,

(ग) दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससबाट कोषको नाममा सोझै प्राप्त रकम,

(घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम र

(ङ) वडा कार्यालयले विपद् व्यवस्थापनमा विनियोजन गरेको रकम ।

४. कोषको उद्देश्य :

(अ) स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य विपद्को जाखिम न्यूनीकरण तथा विपद्को व्यवस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको उद्देश्य रहनेछ ।

(आ) कोषले देहायका क्षेत्रमा काम गर्ने छ :

(क) विपद्को घटनाबाट प्रभावित व्यक्तिहरूलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने ।

(ख) विपद् पर्दा तत्काले स्थानीय स्तरमा सामना गर्न सक्ने अवस्था सिर्जना गर्ने ।

(ग) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने ।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा ३ को उपदफा (ख) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा महानगरपालिकामा नगद जम्मा गर्न सक्नेछ । त्यसरी नगद जम्मा हुन आएमा सम्बन्धित शाखाले सो को भर्पाई उपलब्ध गराउनुपर्नेछ । (३) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी विवरण विपत व्यवस्थापन समिति वा कार्यपालिकाको बैठकमा जानकारी गराइनेछ । कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउंदा आफ्नो नाम सार्वजनिक गर्न नचाहेमा निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न वाधा पर्ने छैन ।

५. कोषको प्रयोग :

(१) कोषमा जम्मा भएको रकम देहायको कार्यका लागि खर्च गरिनेछ :

(क) प्राकृतिक प्रकोप, विपद्वाट असर परेको वा पर्न सक्ने व्यक्ति, पशुपंक्षीको उद्धार र सम्पत्तिको संरक्षण गर्न,

(ख) तत्कालीन राहत तथा अस्थायी बसोबासको प्रवन्ध मिलाउन ,

(ग) विपद् पश्चात ततकालीन खाद्यान्नको लागि आर्थिक सहायता व्यवस्था गर्न,

(घ) विपदबाट घाइते तथा बिरामीको औषधी उपचार तथा आहाराको व्यवस्था गर्न,

(ङ) विपदबाट देहावसान भएकाको मृतकका आफन्तका लागि काजकिरियाको लागि आर्थिक सहायता गर्न,

(च) बाढी, पहिरो तथा भूक्षयको तत्कालिन नियन्त्रण गर्न

(छ) विपद् व्यवस्थापनका सचेतनामूलक कार्यक्रम गर्ने, पूर्वसावधानी अपनाउने वा पूर्वतयारी गर्न

(ज) विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदान गर्न

(झ) खोज, उद्धार तथा प्राथमिक उपचारका लागि स्वयम् सेवकको परिचालन र सामाग्री खरिद , भण्डारण तथा मर्मत संभार गर्ने, साथै विपद् प्रतिकार्यका लागि तयार भएका संरचनाको मर्मत सम्भार गर्न ।

(ञ) विपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुर्षणको विसर्जन गर्न, मृत्यु भएका पशुपन्छी र माछाको उचित व्यवस्थापन गर्न।

(ट) विपद् पूर्व सूचना प्रणाली स्थापना तथा सञ्चालन गर्न,

(ठ) खोज, उद्धार र राहतको लागि तत्काल सञ्चार तथा यातायात सूचारु गर्न,

(ड) वडास्तरमा रहेका विपद् व्यवस्थापन स्वयंसेवकहरूको क्षमता विकास, पुर्नताजगी तालिम तथा परिचालन सम्वन्धी कार्य गर्न,

(ढ) जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानको धनजनको स्थानान्तरण गर्न,

(ण) विपद् पश्चात विपदबाट भएको क्षतिको लेखाजोखा र विपद् पश्चातको आवश्यकताको पहिचान गर्न,

(त) विपद् पछिको पुनःनिर्माण र व्यवस्थापकीय कार्य गर्न,

(थ) विपदको अवस्थामा विशेष गरी सुत्केरी, गर्भवती, बालवालिका, किशोरीहरु र अपाङगता भएका व्यक्तिहरुको विशेष व्यवस्था गर्न,

(द) विपद् रोकथाम, अल्पीकरण, पुर्वतयारी, प्रतिकार्य, विपदपछिको पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण जस्ता विपद् व्यवस्थापनका कार्य गर्न,

(ध) जोखिम समुहरुको तथा विपदको सम्मुखतामा रहेको संरचनाको पहिचान गरी वीमाको माध्यमवाट जोखिम स्थानान्तरण गर्ने

(न)समितिले तोके वमोजिमको विपद् व्यवस्थापन सम्वन्धि अन्य काम गर्न, गराउन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरूपमा गरिने विकास निर्माण कार्यका लागि यस कोषवाट कुनै पनि किसिमको खर्च गर्न पाईनेछैन ।

३) कोषमा मौज्दात रकम दश लाख रुपैयाभन्दा न्युन हुन गएमा तत्काल थप रकम जम्मा गर्न प्रयत्न गरिनेछ ।

६. कोषको रकम प्रयोग गर्न नहुने :

१ ) दफा ५.१ मा जुनसुकै कुरा लेखिए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक , तलब भत्ता वा सुविधा उपलब्ध गराउन ,

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान प्रदान गर्न र

(घ) विपद् व्यवस्थापनसँग सम्वन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

७. कोष संचालन समिति :

(क) महानगर स्तरमा संचालित विपद् व्यवस्थापन कोषको संचालनका लागि देहाय वमोजिमको समिति गठन गरिनेछ ।

अध्यक्ष : नगर विपद् व्यस्थापन समितिको संयोजक

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : अध्यक्षले तोकेको कार्यपालिका सदस्य २ जना

सदस्य : विपद व्यवस्थापन शाखा प्रमुख

सदस्य : आपतकालीन कार्यसञ्चालन केन्द्र प्रमुख

सदस्य : आर्थिक प्रशासन महाशाखा प्रमुख

समितिले आवश्यक ठानेमा अन्य व्यक्तिहरुलाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सकिन्छ ।

(ख) वडास्तरमा विपद् व्यवस्थापनको वजेट व्यवस्था भएमा यस कोषमा समावेश गरी वडास्तरीय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्न सकिनेछ ।

(ग) अन्य कुराहरु नगर कार्यपालिकाले ताके वमोजिम हुनेछ ।

८. कोषको व्यवस्थापन तथा संचालन



Scanned with CamScanner

महानगरले यस कोष सञ्चालन कार्यविधि र राहत मापदण्ड तयारी गरी कोषमा जम्मा भएको रकम खर्च गर्न सक्नेछ ।

(१) कोषको रकम भिन्नै खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको वैंक खाता महानगरपालिकाले तोकेको वमोजिमका व्यक्तिहरुको संयुक्त दस्तखतमा संचालन गरिनेछ ।

(३) कोषवाट रकम भुक्तानी गर्दा अनिवार्यरूपमा बैंक मार्फत मात्र भुक्तानी गरिनेछ ।

(४) कोषलाई प्राप्त वस्तुगत सहायता सामाग्रीको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको विपद शाखाका अधिकृतस्तरको कर्मचारी वा आन्तरिक व्यवस्थापन (जिन्सी शाखा ) शाखा प्रमुखवाट हुनेछ ।

(५) उपदफा (३) वमोजिम वस्तुगत सहायता सामाग्री विपद् व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा मौज्दात कितावमा खर्च अभिलेख जनाई निकाया दिनुपर्नेछ र त्यस्तो सामाग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ ।

९. आर्थिक सहायता एवं पूर्वतयारी योजना:

(१) प्रकोपका जोखिममा रहेका क्षेत्रको जोखिम विश्लेषण तथा प्रकोप नक्साङ्कन व्यवस्था गर्ने । यस कार्यको लागि समितिको निर्णयअनुसार लागत अनुमान अनुसार खर्च गर्ने,

(२) खोज तथा उद्धारका लागि दक्ष जनशक्ति तयार गर्ने र खोज तथा उद्धार सम्वन्धी अत्यावश्यक औजार को समितिको निर्णयानुसार प्रवन्ध मिलाउने,

(३) विपद् पश्चातको विपद् व्यवस्थापन एवं वाढी तथा पहिरो नियन्त्रण को योजना सामुदायिक स्तरमा समितिको निर्णय अनुसार विनियोजित रकमवाट सञ्चालन गर्ने,

(४) सामाजिक एवं गैरसरकारी संघसंस्थाको सहयोग लिई विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने,

(५) विपद् तथा प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहतस्वरुप प्रति मृतक रु.२,००,०००।- (अक्षरुपी दुई लाख) का दरले आर्थिक सहायता उपलब्ध गराउन स्थानीय प्रहरीको मुचुल्का तथा वडा समितिको सिफारिसको आधारमा जिल्ला विपद समिति मार्फत नेपाल सरकारसंग अनुरोध गर्ने ।

६) पशुपन्छी एवं माछाको मृत्यूको हकमा प्रहरी सर्जमिन मुचुल्का र वडा समितिको सिफारिसका आधारमा राहत स्वरुप रकम उपलव्ध गराउन सकिने छ । तर विमित पशुपन्छीको मृत्यु भएको रहेछ भने यो कोषवाट राहत सहयोग उपलब्ध गराइने छैन ।

७) विपदवाट आवागमन अवरुद्ध भएको भए मेसिनरी औजार प्रयोग गरी पहिरो पन्छाउनका लागि वढीमा २४ घण्टा जेसिभी प्रयोगका रकम वडा कार्यालयको माग अनुसार खर्च गर्ने, सो भन्दा वढी समय लाग्ने भएमा महानगरस्तरीय समिति वा अध्यक्षको आदेश पश्चात मात्र काम गराउने,

८) विपद्वाट घर/ वहाल/ आवास, नष्ट भएका वा खाद्यान्न वाली तथा जल जमीन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाका लागि रु. १५,०००।( अक्षरुपी पन्ध्र हजारसम्म प्रति परिवार राहत सहयोग उपलव्ध गराउने,

९) विपद्का घटनामा परी खाद्यान्न, लत्ता कपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएतापनि सम्भावित खतरावाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भई सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवारलाई प्रतिपरिवार रु ५०,०००।-( रु पचास हजारसम्म आर्थिक सहायता प्रदान गर्ने,

१०) विपद्का घटनामा परि घाइते हुनेहरु लाई सरकारी अस्पतालमा नेपाल सरकारले उपचारको प्रवन्ध मिलाएकोले उपचारका लागि अस्पताल पुर्‍याउन प्रवन्ध मिलाउन सकनेछ । घाइते र विरामी पशुपन्छीको हकमा स्थलगत रुपमै उपचारको प्रवन्ध मिलाउन सकनेछ ।

(११) विपद्बाट पीडितलाई आश्रयेस्थल एवं पशुपन्छीको गोठ/खोर निर्माण/मर्मतका लागि सहुलियत दरमा निर्माण सामग्री काठ, वालुवा, गिटि, स्थानीयस्तरमा उपलब्ध गराउन सहजीकरण गर्नेछ । साथै पशु, पंक्षीको मृत्यु भएमा औचित्य हेरी राहत रकम उपलब्ध गराउन सकिनेछ ।

(१२) भूकम्प, वाढी, पहिरो, आगलागी, असिनापानी, हुरीवतास, जनावर आतंक चटयाङका साथै प्रकोपका कारणबाट भएको हवाई, सडक एवं डुङ्गा दुर्घटना वाट प्रभावित पिडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने तर राहत उपलब्ध गराउँदा अनिवार्य प्रहरी मुचुल्का समावेश गर्नुपर्नेछ,

(१३) विपद्को समयमा खानेपानी आपुर्ति बन्द भएमा तत्काल सुचारु गर्ने प्रवन्ध मिलाउने ।

(१४) विपद्का कारण पशुपन्छीको गोठ, खोर एवं माछा पोखरीको क्षती भएको अवस्थामा समितिको निर्णय अनुसार राहत सहयोग उपलब्ध गराउने ।

(१५) कृषि, पशुपंछी, विशेष अवस्थाका नागरिकहरु ( दफा ५.थ) लाई राहत उपलब्ध गराउन परेमा सम्वन्धित वडा कार्यालय, शाखाको समन्वय र सिफारिसमा राहत उपलब्ध गराउने ।

१६) राहत उपलब्ध गराउँदा घटना भएको ३० दिनभित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत उपलब्ध गराउने, राहत रकम दोहोरो नपर्ने गरी उपलब्ध गराउनुपर्नेछ । बीमा गरिएको धनजनको क्षति भएमा राहत रकम उपलब्ध गराउन बाध्य हुनेछैन ।

१७) माथि जुनसुकै कुराहरु उल्लेख भए पनि विपत व्यवस्थापन समिति वा कार्यपालिका वैठकले राहतस्वरुप आर्थिक सहायत वा अन्य सहयोग उपलबध गराउन सक्नेछ ।

१०. अधिकार प्रत्यायोजन :

(१) महानगरस्तरीय विपद् व्यवस्थापन समितिले आफूमा रहेको केहि अधिकार वा सवै अधिकार वडास्तरमा प्रत्यायोजन गर्न सक्नेछ ।

११. लेखा तथा लेखापरिक्षण :

(१) कोषको आम्दानी तथा खर्च तोकिएको लेखापरीक्षण प्रणाली बमोजिम हुनेछ ।

## परिच्छेद -३ विविध

१२. वस्तुगत सहायता सामाग्री:

(१) कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामाग्री विपद् व्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त कुनै सामाग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरि राख्न पनि अनुकुल नहुने (सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृत्तिको भएमा समितिको निर्णयले त्यस्तो सामाग्रीलाई प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्नुपर्नेछ । लिलाम बिक्रिवाट प्राप्त आय रकमलाई दफा ३ को उपदफा (ख) वमोजिमको कोषको खातामा जम्मा गरिनेछ ।

(३) उपदफा (१) वा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामाग्री प्रचलित मापदण्ड बमोजिमको न्यूनतम गुणस्तरयुक्त नभएको अवस्थामा त्यस्तो सामाग्रीलाई समितिले अस्वीकार गर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त वस्तुगत सहायता सामाग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामाग्री प्राप्ति र स्वीकारोक्तिको भर्पाइ उपलब्ध गराउनुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम स्वीकार गरिएको उपदफा (३) बमोजिम अस्विकार गरिएको सामाग्रीको विवरण तथा स्वीकार गरिएको सामाग्रीको हकमा सो उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम सम्वन्धी विवरण

अभिलेखीकरण गरिनेछ र आवश्यकता अनुसार सार्वजनिक गरिनेछ। तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी बिवरण सार्वजनिक गर्न बाधा पर्ने छैन।

६) यस कार्यविधिको दफा १२ बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरि अभिलेख गरिनेछ। तर वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन।

१३ सशर्त सहायता :

(१) विपद् व्यवस्थापन सम्बन्धी तोकिएको कार्य सम्पादन गर्ने शर्त सहित कुनै व्यक्ति वा संस्थाले कोषमा सहायता उपलब्ध गराउन चाहेमा त्यस्तो सहायता प्राप्त गर्नु पूर्व समितिले शर्त स्वीकार गर्ने वा नगर्ने सम्वन्धी निर्णय गर्नेछ र शर्त स्वीकार गरेको अवस्थामा मात्र सहायता रकम वा सामाग्री कोषमा जम्मा हुनेछ। तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने हकमा समितिको पूर्व स्वीकृती आवश्यक पर्नेछैन।

(२) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्रीलाई तोकिएको काममा मात्र उपयोग गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्री तोकिए बमोजिमको कार्यमा उपयोग भए-नभएको सम्बन्धमा त्यस्तो सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाले विवरण माग गरेमा सोको विवरण उपलब्ध गराउनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम कोषमा सहायता स्वरुप प्राप्त हुने भौतिक सामाग्रीहरुको भण्डारण तथा वितरण कार्यलाई व्यवस्थित गन आवश्यक्ता अनुसार समितिले थप मापदण्ड र निर्देशिका बनाई लागु गर्न सक्नेछ।

१४. परामर्श लिन सक्ने : समितिले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा संस्थासंग आवश्यक परामर्श लिन सक्नेछ।

१५ रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ फण्ड) को रूपमा रहने :

(१) दफा ३ को उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ। तर दफा १३ को उपदफा (१) बमोजिम प्राप्त सहायता रकमलाई त्यस्तो शर्त अनुरूप उपयोग गर्न नसकेको कारण जनाई सहायता उपलब्ध गराउने सम्वन्धित व्यक्ति वा संस्थाले फिर्ता माग गरेमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन।

(२) कोषलाई आवर्ती कोष (रिवल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिवल्विङ फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनःपुर्ति गर्दै जाने गरि स्थापित कोषलाई सम्झनुपर्छ। (३) कोषमा मौज्दात रकम दश लाख रूपैया भन्दा न्यून हुन गएमा तत्काल थप रकम जम्मा गर्न प्रयत्न गरिनेछ।

१६. सहयोगका लागि आह्वान गर्न :

(१) विपद्का कारण आपतकालीन अवस्था सिर्जना भई स्थानीय श्रोत साधन र क्षमताले विपदको सामना गर्न कठिन भएमा महानगरपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार, नेपाल सरकार तथा सर्वसाधरणलाई समेत कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।



Scanned with CamScanner

(२) विपद्‌बाट प्रभावितको खोज, उद्धार र राहतका लागि समितिले स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, युवाक्लव, आमासमूह, स्वयम् सेवक, राष्ट्रसेवक, नागरिक समाज, उद्योगी व्यवसायी, प्रवुद्ध व्यक्ति तथा आमसर्वसाधारणलाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ ।

१७. अभिलेख राख्ने :

(१) समितिले कोष परिचालन सम्वन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको अभिलेख समितिको सदस्य सचिवको जिम्मामा रहनेछ ।

(३) दफा (१) वमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ ।

१८. अनुगमन :

(१) यस कार्यविधि बमोजिम कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन सम्वन्धी कार्यका लागि समितिको अध्यक्ष वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली खटिइ कोष परिचालनबाट भएको कामको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन समितिसमक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा कोष परिचालनमा कुनै कमि कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित सबैको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष परिचालनमा कुनै गम्भिर त्रुटी रहेको र सोलाई
तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

(५) अनुगमनका क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत प्राप्त गरेको वा कोषले उपलब्ध
गराएको राहतको दुरूपयोग गरेको पाइएमा दोषी उपर प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(६) उपदफा (१) वमोजिमको अनुगमन टोलीमा उपलब्ध भएसम्म स्थानीय राजनीतिक दल, विपद् व्यवस्थापन
सम्वन्धी कार्यमा संलग्न गैरसरकारी संघसंस्था, उद्योगी व्यवसायी आवद्ध संघसंगठन, नागरिक समाज तथा
सञ्चारकर्मी आवद्ध संघसंगठनहरु र सशर्त सहायता उपलव्ध गराउने व्यक्ति वा संस्थाको प्रतिनिधि
समेतलाई संलग्न गराउन सकिनेछ ।

१९. कोभिड कोष मार्फत भएका कार्यहरु कोष (सञ्चालन) कार्यविधि मातहत रहने : कोभिड कोष मार्फत भए
गरेका काम कारवाहीहरु यसै विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७८ वमोजिम भए गरेको
मानिनेछ ।

२०. निर्देशन दिन सक्ने : नगरसभाले समितिको काम कारवाहीको सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन
सक्नेछ ।

२१. संशोधन: (१)यस कार्य विधिका नियमहरु समयानुकुल नगर कार्यपालिकाबाट संशोधन गर्न सकिनेछ ।

२२. खारेजी : (१) सहानगरपालिकाबाट जारी विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७६ खारेज गरिएको
छ ।